# स्थानीय राजपत्र

राप्ती गाउँपालिकाद्वारा प्रकाशित

खण्डः८ संख्याः४ मितिः२०८१/०५/१८


## भाग २

## राप्ती गाउँपालिका, दाङ

कार्यपालिकाबाट स्वीकृतः २०८१/०५/०९

# राप्ती गाउँपालिकाकामा साना सवारी दर्ता, नविकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१

प्रस्तावना

राप्ती गाउँपालिका क्षेत्रभित्र सवारी साधनको प्रयोगलाई व्यवस्थित गर्दै सवारी साधनको दर्ता एवं नवीकरणबाट गाउँपालिकाको आय प्रवर्द्धन गर्न साथै गाउँपालिका क्षेत्रभित्र सवारीसाधनको व्यवसायीकरणलाई स्वस्थ एवं मर्यादित बनाउन बाञ्छनीय भएकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले दिएको अधिकार प्रयोग गर्दै राप्ती गाउँकार्यपालिकाले यस कार्यविधि पारित गरि लागु गरेको छ ।

परिच्छेद - १

## प्रारम्भिक

**१. सक्षिप्त नाम र प्रारम्भ :**

१) यो कार्यविधिको नाम "राप्ती गाउँपालिकामा साना सवारी साधन दर्ता, नवीकरण तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८०" रहेको छ ।

२) यो कार्यविधि तुरुन्त लागू हुनेछ ।

**२. परिभाषा र व्याख्या :**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा, यस कार्यविधिमा

(१) " गाउँपालिका" भन्नाले राप्ती गाउँपालिकालाई सम्झनु पर्नेछ ।

(२) "गाउँ कार्यपालिका "भन्नाले राप्ती गाउँ कार्यपालिकालाई सम्झनु पर्नेछ ।

(३) "अध्यक्ष" भन्नाले यस राप्ती गाउँपालिकाको अध्यक्ष सम्झनु पर्नेछ ।

(४) "उपाध्यक्ष" भन्नाले यस राप्ती गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्नेछ ।

(५) "कार्यपालिका सदस्य" भन्नाले यस राप्ती गाउँ कार्यपालिकाको सदस्यहरुलाई सम्झनु पर्नेछ ।

(६) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले यस राप्ती गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्नेछ ।

(७) "सवारी दर्ता" भन्नाले नेपाल सरकार वा प्रदेश सरकार मातहतका निकायमा दर्ता भई यस गाउँपालिका क्षेत्रभित्र प्रयोगमा ल्याईएका साना सवारी साधनलाई कुनै व्यक्ति, संस्था वा व्यवसायीद्वारा यस कार्यालयमा अभिलेखीकरण गर्ने कार्य बुझ्नु पर्नेछ ।

(८) "अधिकार प्राप्त अधिकारी" भन्नाले प्रमुख प्रशासकीय अधिकृत वा नीजले तोकेको अधिकृत स्तरको कर्मचारी सम्झनु पर्नेछ ।

(९) "क्षेत्र" भन्नाले राप्ती गाउँपालिका क्षेत्र सम्झनु पर्नेछ ।

(१०) "विशेष क्षेत्र" भन्नाले गाउँपालिकाको बजार क्षेत्र सम्झनु पर्नेछ ।

(११) "साना सवारी साधन" भन्नाले गाउँपालिका क्षेत्रभित्र चल्ने टाँगा, रिक्सा, अटोरिक्सा, विद्युतीय रिक्सा र पावर ट्रिलर लगायतलाई सम्झनु पर्नेछ ।

(१२) "सवारी पास" भन्नाले दिएको अधिकार प्राप्त निकायले कुनै सार्वजनिक विदा वा कुनै विशेष समयमा सवारी प्रयोग गर्न लिखित रुपमा दिएको अनुमति पत्र वा निस्सा लाई सम्झनु पर्नेछ ।

(१३) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले गाउँ कार्यपालिकाको कार्यालय वा अन्य अख्तियार प्राप्त निकायले निर्धारण गरेको व्यवस्था सम्झनु पर्नेछ ।

परिच्छेद - २

**सवारीसाधन दर्ता र नवीकरण सम्वन्धी व्यवस्था**

**३. दर्ता गर्नु पर्ने :**

(१) गाउँपालिका क्षेत्रभित्र रहेका साना सवारी धनीले कार्यालयमा आफ्नो सवारी साधन दर्ताका लागि अनुसूची-१ को ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष निवेदन दिनु पर्नेछ। यसरी निवेदन प्राप्त भएपश्चात अधिकार प्राप्त अधिकारीले ७ दिन पश्चात सवारी धनीलाई अनुसूची-२ बमोजिमको ढाँचामा दर्ता प्रमाण पत्र दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यालयमा दर्ता भएका साना सवारी साधन र सवारी धनीहरुको विवरण अनुसूचि ३ बमोजिमको ढाँचामा दर्ता अभिलेख राखिनेछ।

**४. दर्ता नवीकरण :**

दफा ३ बमोजिम दर्ता भएका साना सवारी साधनहरुको सवारी धनीले आर्थिक वर्ष समाप्त भएको ६० दिनभित्र सवारी साधन नवीकरणका लागि अनुसुची-३ को ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ। निवेदन प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले ३ दिन भित्र नवीकरणको प्रमाण पत्र सम्बन्धित सवारी धनीलाई दिनु पर्नेछ। निर्धारित समय भित्र दर्ता नगर्ने सवारी साधनलाई पहिलो ३ महिना भित्र थप दोब्बर र त्यसपछि तेब्बर दस्तुर लिई दर्ता गरिने छ।

**५. दर्ता तथा नवीकरण दस्तुर सम्बन्धी व्यवस्था :**

सवारी साधनहरुको दर्ता र नवीकरण दस्तुर अनुसूचि ७ मा उल्लेख भएबमोजिम हुनेछ।

**५. नवीकरण सम्बन्धी विशेष व्यवस्था :**

दफा ४ मा जुनसुकै कुरा लेखिएको भए तापनि सवारीको धनीले आफ्नो सवारीको दर्ताको प्रमाणपत्र पाँच वर्षसम्म एकै पटक नवीकरण गराउन चाहेमा पाँच वर्षसम्मको लागि लाग्ने नवीकरण दस्तुर संलग्न राखी दर्ताको प्रमाणपत्र पेश गरेमा अधिकार प्राप्त अधिकारीले त्यस्तो दर्ताको प्रमाणपत्र पाँच वर्षसम्मको लागि एकै पटक नवीकरण गर्न सक्नेछ।

**६. दर्ताको प्रमाणपत्र स्वतः रद्द हुने :**

(१) दफा ४ बमोजिम नवीकरण म्याद सकिएको ५ वर्षको अवधिसम्म पनि नवीकरण नगराएको साना सवारी साधन दर्ताको प्रमाणपत्र स्वत: रद्द हुनेछ।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र रद्द भएको सवारीको लगत दर्ता किताबबाट कट्टा हुनेछ।

(३) उपदफा (२) बमोजिम दर्ता किताबबाट लगत कट्टा भईसकेका दर्ताको प्रमाणपत्र नवीकरण गरिने छैन।

**७. पुनः दर्ता हुन सक्ने :**

दफा ५ बमोजिम दर्ताको प्रमाणपत्र रद भई लगत कट्टा भएको सवारी पुनः दर्ताको लागि ल्याएमा दफा ४ बमोजिम लिन बाँकी नवीकरण दस्तुर तथा थप दस्तुरको अतिरिक्त जति वर्षपछि दर्ताको लागि ल्याएको हो त्यति वर्षको लागि दफा ४ बमोजिमको थप दस्तुरको दोब्बर जरिवाना समेत लिई त्यस्तो सवारी दफा १६ बमोजिम दर्ता गरी सवारी धनीलाई अर्को दर्ताको प्रमाणपत्र दिनु पर्छ।

**८. सवारी धनीको ठेगाना बदलिएमा सूचना गर्नुपर्ने :**

(१) यस कार्यविधि बमोजिम दर्ता भएको कुनै सवारीको धनीको स्थायी ठेगाना बदलिएमा एक महीनाभित्र दर्ताको प्रमाणपत्र समेत संलग्न राखी सो कुराको सूचना अधिकार प्राप्त अधिकारीलाई दिनु पर्छ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त भएपछि अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रमा नयाँ ठेगाना जनाई दर्ता किताबमा समेत सच्याउनेछ।

**९. सवारीको नामसारी :**

(१) यस कार्यविधि बमोजिम दर्ता भएको सवारीको धनीले आफ्नो सवारी अरू कसैलाई दान बकस दिई वा बिक्री गरी वा अन्य कुनै किसिमले स्वामित्व हस्तान्तरण गरेमा पन्ध्र दिनभित्र सो सवारीको नामसारीको लागि दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा समेत संलग्न राखी अनुसूचि ४ मा तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्नेछ।

(२) सवारी धनीको मृत्यु भई जसको नाममा स्वामित्व हस्तान्तरण हुनुपर्ने हो सो हकवालाले सवारी धनीको मृत्यु भएको मितिले पैंतीस दिनभित्र सवारी धनीको मृत्यु भएको प्रमाण, दर्ताको प्रमाणपत्र र सवारी साधन कर तिरेको निस्सा तथा आफू सबै भन्दा नजीकको हकवाला हो भन्ने कुराको प्रमाण समेत संलग्न राखी सो सवारी आफ्नो नाममा नामसारी गराउन तोकिएको ढाँचामा अधिकार प्राप्त अधिकारी समक्ष दरखास्त दिनु पर्छ।

(३) उपदफा (१) वा (२) बमोजिम नामसारीको लागि दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी तोकिएको दस्तुर लिई दर्ताको प्रमाणपत्रमा नामसारीको ब्यहोरा जनाई नामसारी गर्नु पर्छ।

तर उपदफा (२) बमोजिम नामसारीको लागि एक भन्दा बढी बराबरीका हकवालाको दरखास्त परेमा ती सबै हकवालाको नाममा त्यस्तो सवारी संयुक्तरूपमा दर्ता गरी नामसारी गर्नु पर्छ।

(४) उपदफा (३) बमोजिम कुनै सवारीको नामसारी भएमा सो बमोजिम स्वामित्व हस्तान्तरण भई नामसारी भएको व्यहोरा दर्ता किताबमा जनाउनु पर्छ।

५) यस दफा बमोजिम कुनै सवारीको नामसारी गर्ने सन्दर्भमा अधिकार प्राप्त अधिकारीले जाँचबुझ गर्दा सो सवारीमा हक बेहक सम्बन्धी कुनै मुद्दा परेको देखिएमा त्यस्तो मुद्दाको अन्तिम किनारा नभएसम्म त्यस्तो सवारी कसैको नाममा नामसारी गर्नु हुँदैन।

**१०. दर्ता परिवर्तन गर्न नहुने :**

यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि मालबाहक साना सवारीको रूपमा दर्ता भई दर्ताको प्रमाणपत्र प्राप्त सवारीलाई यात्रीबाहक साना सवारीमा दर्ता परिवर्तन गर्ने गरी दर्ताको प्रमाणपत्र दिइने छैन।

**११. स्वीकृति नलिई हेरफेर गर्न नहुने :**

(१) सवारी धनीले अधिकार प्राप्त अधिकारीको स्वीकृति नलिई सवारीको रङ्ग, सीट संख्या, स्वरूप, इन्जीन वा चेसिसमा परिवर्तन हुने गरी सवारीमा हेरफेर गर्न हुँदैन।

तर यस उपदफाले सवारीमा सामान्य पार्ट-पूर्जा परिवर्तन गर्न कुनै बाधा पुग्याएको मानिने छैन।

(२) उपदफा (१) बमोजिम हेरफेर गर्नु परी स्वीकृति मागेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी त्यस्तो हेरफेर गर्न उपयुक्त हुने देखेमा हेरफेर गर्ने स्वीकृति दिन सक्नेछ।

तर सवारी निर्माता कम्पनीले सवारीको बनोट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेसिफिकेशन) मा परिवर्तन गर्ने गरी स्वीकृति दिइने छैन।

(२क) उपदफा (२) बमोजिम हेरफेरको लागि स्वीकृति दिँदा सवारी दर्ता गर्दा लाग्ने दस्तुरको पचास प्रतिशत दस्तुर लिइनेछ।

**१२. दर्ताको प्रमाणपत्र स्थगित गर्न सक्ने :**

(१) अधिकार प्राप्त अधिकारीले देहायको अवस्थामा कुनै सवारीको दर्ताको प्रमाणपत्र देहाय बमोजिमको अवधिसम्मको लागि स्थगित गर्ने गरी आदेश दिन सक्नेछ :-

(क) सवारीको अवस्था खराब भई सो चलाउँदा सर्वसाधारणको जीउ वा सम्पत्तिमा हानि नोक्सानी हुने देखिएमा सो सवारी सन्तोषप्रदरूपमा मरम्मत नगरेसम्मको अवधिको लागि,

र

(ख) सवारी धनीले यस कार्यविधि बमोजिम पूरा गर्नु पर्ने कुनै शर्त पूरा नगरी वा यो कार्यविधि वा यस कार्यविधि अन्तर्गत बनेको नियमको परिधिभित्र रही अधिकार प्राप्त अधिकारीले दिएको आदेशको उल्लङ्घन गरी सवारी चलाएमा बढीमा छ महीनासम्मको लागि।

(२) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गर्ने गरी सवारी धनीलाई आदेश दिँदा अधिकार प्राप्त अधिकारीले सोको कारण समेत स्पष्टरूपमा खुलाएको हुनु पर्छ।

(३) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले त्यसको जानकारी सम्बन्धित प्रहरी कार्यालयलाई दिनु पर्छ।

(४) उपदफा (१) बमोजिम दर्ताको प्रमाणपत्र स्थगित गरेमा अधिकार प्राप्त अधिकारीले आदेश दिएको मितिले सात दिन भित्र सवारी धनीले दर्ताको प्रमाणपत्र अधिकार प्राप्त अधिकारी समक्ष बुझाउनु पर्दछ।

(५) अधिकार प्राप्त अधिकारीले दर्ताको प्रमाणपत्रको स्थगन अवधि समाप्त भएपछि उपदफा (४) बमोजिम सवारी धनीले बुझाएको दर्ताको प्रमाणपत्र निजलाई नै फिर्ता गर्नुपर्छ।

(६) उपदफा (५) बमोजिम दर्ताको प्रामाणपत्र सवारी धनीलाई फिर्ता दिँदा अधिकार प्राप्त अधिकारीले सो दर्ताको प्रमाणपत्रमा स्थगित भएको अवधि र कारण समेत स्पष्ट जनाई सो कुराको अभिलेख दर्ता किताबमा जनाउन लगाउनु पर्छ।

**१३. दर्ताको प्रमाणपत्र खारेज गर्ने :**

(१) यस कार्यविधि बमोजिम दर्ता भएका कुनै सवारी कुनै किसिमले नासिएमा वा चल्न नसक्ने गरी बिग्रिएमा वा सधैको लागि नेपाल बाहिर लगिएमा सवारी धनीले तीस दिन भित्र दर्ताको प्रमाणपत्र संलग्न राखी त्यस्तो सवारीको लगत कट्टा गर्न अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा दरखास्त दिनु पर्छ।

तर पुरातात्विक दृष्टिकोणले महत्वपुर्ण सवारी वा त्यस्तो सवारीको कुनै पार्टपुर्जा नेपाल बाहिर लग्न परेमा सवारी धनीले अधिकार प्राप्त अधिकारीको पूर्व स्वीकृति लिनु पर्छ।

(२) उपदफा (१) बमोजिम दरखास्त परेमा अधिकार प्राप्त अधिकारीले आवश्यक जाँचबुझ गरी व्यहोरा साँचो देखेमा त्यस्तो दर्ताको प्रमाणपत्र खारेज गरी सोको व्यहोरा दर्ता किताबमा जनाई त्यस्तो सवारीको लगत कट्टा गर्नु पर्छ।

**१४. दर्ता प्रमाणपत्रको प्रतिलिपी दिने :**

(१) दर्ताको प्रमाणपत्र हराएमा, च्यातिएमा, झुत्रो भई नबुझिने भएमा वा अन्य कुनै कारणबाट नासिएमा सो भए गरेको मितिले पन्ध्र दिन भित्र सवारी धनीले अधिकार प्राप्त अधिकारी समक्ष तोकिएको ढाँचामा तोकिएको दस्तुर संलग्न राखी दरखास्त दिनु पर्छ।

(२) उपदफा (१) बमोजिम परेको दरखास्त उपर आवश्यक छानबीन गर्दा व्यहोरा ठिक देखेमा अधिकार प्राप्त अधिकारीले सवारी धनीलाई त्यस्तो दर्ताको प्रमाणपत्रको प्रतिलिपी दिनु पर्छ।

(३) उपदफा (२) बमोजिम दर्ताको प्रमाणपत्रको प्रतिलिपी जारी गरेको सूचना अधिकार प्राप्त अधिकारीले सम्बन्धित प्रहरी कार्यालयलाई दिनेछ।

## परिच्छेद - ३
## सवारी साधन प्रयोग तथा आवागमन नियन्त्रण सम्बन्धी व्यवस्था

**१५. सवारी रुट तोक्न सक्ने :**

(१) कार्यालयले सवारी साधनको आवागमनलाई व्यवस्थित गर्न विशेष क्षेत्र तोकी सवारी रुट तथा सवारी आवतजावतको समय तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम निर्धारण गरिएको रुटमा सवारी साधन चलाउनु पर्ने व्यवस्था पालना नगर्नेलाई तोकिएको जरिवाना लिई कारवाही गरिने छ।

(३) प्रचलित कार्यविधि नियम र व्यवस्थाको पालना गर्नु पर्ने : सबै प्रकारका सवारी धनी तथा सवारी चालकले यातायात सवारी सम्बन्धी कार्यविधि, कानुन, नियमावली, निर्देशिकाको अक्षरस पालना गर्नु पर्नेछ।

**१६. सवारी चलाउन प्रतिबन्ध लागाउने :** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि गाउँपालिकाले सार्वजनिक सुरक्षा तथा सर्वसाधारणको भलाईको निमित्त कुनै सार्वजनिक स्थानमा कुनै सवारी चलाउनमा प्रतिबन्ध लगाउन सक्नेछ। यसरी प्रतिबन्ध लगाइएकोमा गाउँपालिकाले सो कुराको सूचना त्यस्तो स्थानमा टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ।

**१७. ट्राफिक सङ्केत टाँस्ने, टाँग्ने वा जडान गर्ने** : (१) गाउँपालिकाले आवश्यक देखेको सार्वजनिक स्थानहरूमा अन्तर्राष्ट्रिय प्रचलन अनुरूपको रंग, आकार र नमूना बमोजिमको आवश्यक ट्राफिक सङ्केतहरू टाँस्न, टाँग्न वा जडान गर्न लगाउनु पर्छ।

(२) उपदफा (१) बमोजिम टाँसिएको, टाँगएको वा जडान गरिएको ट्राफिक सङ्केतहरू  गाउँपालिका वा गाउँपालिकाले खटाएको व्यक्ति बाहेक अरू कसैले सो स्थानबाट हटाउन, बदल्न, हेरफेर गर्न, मेट्न, च्यात्न वा केरमेट गर्न हुँदैन ।

**१८. ट्राफिक सङ्केतको पालन गर्नु पर्ने :**

(१) चालकले सवारी चलाउँदा ट्राफिक सङ्केतको पालन गरी सवारी चलाउनु पर्छ ।

(२) चालकले पालन गर्नु पर्ने ट्राफिक सङ्केतहरू तोकिए बमोजिम हुनेछन् ।

**१९. पार्किङ्ग स्थान तथा बस बिसौनी निर्धारण गर्ने :**

अधिकार प्राप्त अधिकारीले सरोकारवाला निकायका पदाधिकारीहरूसंग परामर्श गरी मूल सडकको आवागमनमा प्रतिकूल असर नपर्ने गरी पार्किङ्ग स्थल तथा बस बिसौनीहरू निर्धारण गर्नु पर्छ।

**२०. सवारीको अन्य भागमा मानिस राख्न नहुने :**

कुनै सवारी चालक वा सवारी धनी वा व्यवस्थापकले सवारीमा मानिस बस्न बनेको सीट बाहेक सवारीको अन्य भागमा मानिस राखी सवारी चलाउन वा चलाउन लगाउन हुँदैन ।

**२१. सवारीमा सांकेतिक चिन्ह राख्नु पर्ने :**

कुनै पनि किसिमको खतरापूर्ण मालसामान ढुवानी गर्ने कार्यमा संलग्न साना मालबाहक सार्वजनिक सवारीमा त्यस्तो मालसामान रहेको कुरा अन्य सवारी तथा सर्वसाधारणको जानकारीको लागि साङ्केतिक चिन्ह देखिने गरी राख्नु पर्छ ।

**२२. खोजेको बेला देखाउनु पर्ने :**

(१) कुनै पनि चालकले चालक अनुमतिपत्र प्रहरी वा  गाउँपालिकाबाट खटिएका कर्मचारीले जाँचबुझ को सिलसिलामा हेर्न खोजेमा देखाउनु पर्छ ।

(२) प्रहरी वा अधिकार प्राप्त अधिकारीले जाँचबुझको सिलसिलामा कुनै सवारीको दर्ताको प्रमाणपत्र वा सार्वजनिक सवारीको बाटो इजाजतपत्र हेर्न खोजेमा त्यस्तो सवारीको चालक, सवारी धनी बा व्यवस्थापकले दर्ताको प्रमाणपत्र वा बाटो इजाजतपत्र देखाउनु पर्छ ।

**२३. सवारी रोक्नु पर्ने :**

चालकले आफूले चलाइरहेको सवारी देहायको अवस्थामा रोकी आवश्यकतानुसार उचित समयसम्म अड्याई राख्नु पर्छ :-

(१) प्रहरी वा  गाउँपालिकाबाट चेक जाँचका लागि खटिएका कर्मचारीले सवारी रोक्न सङ्केत गरेमा वा आदेश दिएमा ।

(२) कुनै जनावर भस्की वा तर्सी बेकाबु हुने सम्भावना भई सो जनावर तत्काल जिम्मामा रहेको व्यक्तिले सवारी रोक्न सङ्केत गरेमा वा अनुरोध गरेमा ।

(३) सवारी दुर्घटनाग्रस्त भई कुनै मानिस, जनावर वा सम्पत्तिको हानि नोक्सानी भएकोमा ।

(४) जेब्रा क्रसिङमा मानिस ओहर दोहर गरेको अवस्थामा वा दोबाटो वा चौबाटोमा रहेको ट्राफिक बत्तीले रोक्ने सङ्केत गरेकोमा।

**२४. दुर्घटना भएमा चालकको कर्तव्य :**

(१) कुनै सवारीले कुनै दुर्घटना गरी मानिसको जीउ ज्यानमा कुनै किसिमको खतरा वा चोट पटक पर्न गएको रहेछ भने सो सवारीको चालक, परिचालक, सुरक्षाकर्मी वा सो सवारीमा काम गर्ने अन्य कर्मचारीले त्यस्तो मानिसको उपचारको लागि तुरून्त आवश्यक व्यवस्था गर्नु पर्छ।

(२) उपदफा (१) बमोजिम सवारी दुर्घटनाग्रस्त भएको स्थानमा कुनै प्रहरी नभएमा चालकले तुरून्त सो दुर्घटनाको जानकारी तथा विवरण नजीकको प्रहरी कार्यालयलाई दिनु पर्छ। कुनै प्रहरीले दुर्घटनाको सम्बन्धमा सम्बन्धित सवारी चालकसंग कुनै कुराको सोधपुछ गरेमा निजले सोधिएको सबै कुरा बताउनु पर्छ।

**२५. चालकले आफ्नो अनुमतिपत्र अरूलाई दिन नहुने :**

कुनै पानि चालकले अरूलाई सवारी चलाउनको निमित्त आफ्नो अनुमतिपत्र दिन हुँदैन।

**२६. मादक तथा अन्य लागु पदार्थ सेवन गर्न नहुने :**

सवारी चलाउँदा चालकले मादक वा अन्य कुनै पनि प्रकारको लागू पदार्थ सेवन गर्न हुँदैन।

**२७. राती सवारी चलाउँदा बत्ती बाल्नु पर्ने :**

कुनै पनि सवारी अँध्यारोमा वा कुहिरो लागेको बेलामा चलाउँदा सो सवारीको बत्ती बाल्नु पर्छ।

**२८. अवस्था ठीक नभएको सवारी चलाउन नहुने :**

सवारीको कुनै पनि पार्ट पुर्जा बिग्री अवस्था ठीक नभएको सवारी चलाउन हुँदैन।

**२९. आवश्यक सहयोग पुर्‍याउने :**

कुनै पनि सवारीले दुर्घटनामा परेको सवारी वा सवारीमा रहेका यात्रीहरूलाई आवश्यक सहयोग पुग्याउनु पर्छ।

**३०. प्रचार प्रसार गर्ने गराउने :**

सवारी दुर्घटनाको रोकथाम गर्न ट्राफिक सङ्केतको जानकारी सर्वसाधारणलाई गराउनको निमित्त समय समयमा गाउँपालिकाले विभिन्न सञ्चार माध्यमबाट ट्राफिक सङ्केत सम्बन्धी कार्यक्रमहरू प्रसारित गर्ने व्यवस्था गर्नु पर्छ।

**३१. लापरबाहीसाथ सवारी चलाउन नहुने :**

कुनै चालकले सवारी चलाउँदा लापरवाहीसाथ सवारी चलाउन हुँदैन।

## परिच्छेद - ४
## साना सवारी सञ्चालन तथा व्यवस्थापन समिति गठन

३२. साना सवारी समग्र व्यवस्था, दर्ता, संख्या निर्धारण, नविकरण, रुट निर्धारण, पार्किङ्ग स्थल निर्धारण, भाडादर निर्धारण र अनियमित गर्नेलाई जरिवाना समेत समग्र व्यवस्थापन गर्नका लागि गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा सरोकारवाला सहित तपशिल बमोजिमको एक समिति कार्यपालिका बैठकले गठन गर्नेछ।

| | |
|---|---|
| (क) उपाध्यक्ष | संयोजक |
| (ख) कार्यपालिका सदस्यहरु मध्ये एक जना महिला अनिवार्य रहने गरी तिन जना | सदस्य |
| (ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत | सदस्य |
| (घ) पालिकास्तरीय साना सवारी सञ्चालक सम्बद्ध समितिबाट दुई जना | सदस्य |
| (ङ) उपभोक्ता अधिकारकर्मी मध्येबाट गाउँ कार्यपालिकाले तोकेको एक जना | सदस्य |
| (च) जिल्ला प्रशासन कार्यालय प्रतिनिधि एक जना | सदस्य |
| (छ) जिल्ला प्रहरी कार्यालय प्रतिनिधि एक जना | सदस्य |
| (ज) साना यातायात मजदुर संघटन प्रतिनिधि एक जना | सदस्य |
| (झ) गाउँपालिकाको पूवार्धार विकास शाखा प्रमुख | सदस्य सचिव |

**३३. समितिको काम, कर्तव्य र अधिकार :**

समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

क) कार्यविधि अनुसूचि मा तोकिए बमोजिमको शुल्कहरु र जरिवाना लागु गर्ने/गराउने,

ख) गाउँ भित्र चल्ने भाडाका साना सवारी साधनहरुको भाडा दर प्रस्ताव गरी स्वीकर्तिका लागि कार्यपालिकामा पेश गर्ने/गराउने,

ग) बजार क्षेत्र भित्र हर्न निशेधित क्षेत्र तोकी लागु गर्ने/गराउने,

घ) ट्राफिक जनचेतनामूलक कार्यक्रम संचालन गर्ने/गराउने,

ङ) समितिले यातायात व्यस्थापनसँग सम्बन्धित विषयहरुमा छलफल र सहजिकरण गर्ने/गराउने,

च) सवारी पार्किङ्ग र विसौनीको सरसफाई र व्यवस्थापन सम्बन्धी कार्य गर्ने/गराउने,

छ) गाउँ कार्यपालिकाले तोकेको अन्य कार्य गर्ने/गराउने।

**३४. रुट निर्धारण क्षेत्र र भाडादर अनुसूची ८ बमोजिम हुने छ :**

**३५. साना सवारी चालक वा व्यवसायीहरुले समिति गठन गर्न सक्ने :**

यस गाउँपालिकामा सञ्चालन हुने साना सवारी व्यवसायी वा चालकहरु व्यवसायिक एकताका लागि सम्बन्धित निकायमा दर्ता भई संगठित हुन सक्नेछन्।

## परिच्छेद - ५
## विविध

**३६. सवारी पास सम्बन्धी व्यवस्था :**

गाउँपालिका क्षेत्रभित्र नचलाउन भनी तोकिएको कुनै बिशेष समयमा सवारी साधन चलाउन परेमा गाउँपालिकाबाट अनिवार्य रुपमा सवारी पास लिनुपर्नेछ।

**३७. चेकजाँच गरिने :**

कार्यालयले गाउँपालिकाको जुनसुकै क्षेत्रमा स्थानीय प्रशासन सँग समन्वय गरी सवारी साधन छड्के चेकजाँच गर्न सक्नेछ । यसरी चेकजाँच गर्दा यस कार्यविधिमा भएका व्यवस्थालाई उल्लघन गरेको पाईएमा तोकिए बमोजिम जरिवाना असुल उपर गरिने छ।

**३८. दण्ड तथा जरिवाना :**

दण्ड तथा जरिवाना कार्यविधिको अनुसूची ७ मा उल्लेखित व्यवस्था बमोजिम हुनेछ।

**३९. सवारी नम्बर प्लेट र संकेत राख्नुपर्ने :**

प्रत्येक सवारीमा यस कार्यविधिको अनुसूची ६ को ढाँचामा तोकिए बमोजिम कार्यालयले उपलब्ध गराएको सवारी नम्बरको अक्षर र अंक राखी नम्बर प्लेट राख्नु पर्नेछ।

अनुसूची -१

कार्यविधिको दफा ३ सँग सम्बन्धित

**सवारी साधन दर्ताका लागि सवारी धनीले दिने निवेदनको ढाँचा**

मितिः........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
देउखुरि, दाङ ।

**विषय :- सवारी साधन दर्ता गरी पाउँ ।**

महोदय,

प्रस्तुत विषयमा राप्ती गाउँपालिका वडा नं. ............ बस्ने वर्ष ....................... को म श्री/श्रीमती/सुश्री ............................. को स्वामित्वमा रहेका सवारी नं. ............................... को सवारी साधन टाँगा/ रिक्सा/ अटोरिक्सा/ विद्युतीय रिक्सा / पावर ट्रिलर तहाँ कार्यालयमा दर्ताका लागि तपशिलको कागजात संलग्न गरि दर्ताका लागि यो निवेदन पेश गरेको छु । श्रीमानको जो आदेश ।

संलग्न कागजातहरु

१. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी
२. पासपोर्ट साईजको फोटो २ प्रति
३. सवारी साधनको ब्लु बुकको प्रतिलिपी

**सवारी धनीको,**

नाम : .........................
ठेगाना : .......................
सम्पर्क नं. .....................
मितिः .........................
सवारी रुट . ..................

अनुसूची-२

कार्यविधिको दफा -३ सँग सम्बन्धित

राप्ती गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मसुरीया, दाङ

लुम्बिनी प्रदेश, नेपाल

## सवारी दर्ता प्रमाण-पत्र

गाउँपालिका दर्ता नं. :

सवारी धनीको नाम थर :

ठेगाना :

पिता वा पतिको नाम थर :

सवारी दर्ता नं.:

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्ष पावर :

सवारीको इन्जिन नं. :

सवारीको चेसिस नं.:

सवारीको रंग :

सवारीको प्रयोग : निजी / भाडा

सवारी चालक सहित क्षमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री

सवारी रुट :

**अधिकृतको दस्तखत**

नवीकरण

| **आ. व.** | **नवीकरण गरेको मिति** | **नविकरण बहाल रहने अवधि** | **नवीकरण दस्तुर, भौचर नं., मिति** | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |

प्रमाणीकरण मिति :

प्रमुख प्रशासकीय अधिकृत

अनुसूची-३

कार्यविधिको दफा - ३ सँग सम्बन्धित

**सवारी दर्ता अभिलेख**

राप्ती गाउँपालिका

**गाउँ कार्यपालिकाको कार्यालय**

मसुरीया, दाङ

लुम्बिनी प्रदेश, नेपाल

**सवारी दर्ता अभिलेख**

सवारी धनीको फोटो

**सवारी दर्ता तथा नविकरण लगत (विवरण)**

गाउँपालिका दर्ता नं. :

सवारी धनीको नाम थर :

ठेगाना :

पिता वा पतिको नाम थर :

सवारी दर्ता नं.:

सवारीको किसिम :

सवारी बनाउने कम्पनीको नाम :

सवारी बनेको साल :

सवारीको मोडेल :

सवारी हर्ष पावर :

सवारीको इन्जिन नं. :

सवारीको चेसिस नं.:

सवारीको रंग :

सवारीको प्रयोग : निजी / भाडा

सवारी चालक सहित क्षमता :

सवारीको इन्धन : पेट्रोल/डिजल/ब्याट्री

सवारी रुट :

दर्ता/नवीकरण

| **आ. व.** | **नवीकरण गरेको मिति** | **नविकरण बहाल रहने अवधि** | **नवीकरण दस्तुर, भौचर नं., मिति** | **नवीकरण गर्ने अधिकारीको दस्तखत** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

अनुसूची - ४

कार्यविधिको दफा - ९ सँग सम्बन्धित

**सवारी नामसारी दरखास्त फारम ।**

मितिः……………………

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
राप्ती गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय
मसुरीया, दाङ ।

लिखितम मेरो/हाम्रो नाममा दर्ता भई मेरो/हाम्रो हक भोगमा रहेको इ.नं. चेसिस नं. …… मोडेल नं. ……भएको …….. अ ……… नं. को सवारीलाई मैले/हामीले निम्न लिखित नाम थर ठेगाना भएको व्यक्ति/व्यक्तिहरु/फर्म/कम्पनी/संस्थालाई किनाराका साक्षीको रोहवरमा रु……………. अक्षेरुपि ………………………… मा लिलाम/बिक्री/उपहार/वकस गरी दिएङ्को हुनाले उक्त सवारी निज/निजहरुको नाममा नामसारी गरिदिनुहुन अनुरोध गर्दछु/गर्छौं । माथीको व्यहोरा फरक परि बिक्री/लिलाम/उपहार/वकस गरेको भएमा कानून बमोजिम सहुँला बुझाउँला ।

औठाको छाप

**बिक्री/लिलाम/उपहार/वकस गरिदिनेको,**

सही -

नाम थर -

वर्ष -

ठेगाना -

प्रदेश -

जिल्ला -

गा.पा./न.पा./उ.म.न.पा./म.न.पा. -

वडा नं. -

टोल -

फोन नं. -

बाबु/पतिको नाम -

बाजेको नाम -

साक्षी

१.

२.

उपर्युक्त बमोजिमको सवारी साधन माथि उलेखित व्यक्ति/व्यक्तिहरु/फर्म/कम्पनि/संस्थाबाट मैले/हामीले खरिद/लिलाम सकार/उपहार/बकस/हकभोग कायम गरी लिएको हो ।

अनुसूची-५

कार्यविधिको दफा - ४ सँग सम्बन्धित

**दर्ता प्रमाणपत्र नवीकरण गराउने दरखास्त फारम**

मिति:……………………

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
राप्ती गाउँपालिकाको कार्यालय
राप्ती, दाङ।

मेरो/हाम्रो नाममा दर्ता भएको निम्न बिबरण भएको सवारीको दर्ता प्रमाण पत्रको नवीकरणको लागि लाग्ने दस्तुर र अन्य आवश्यक निस्सा यसै साथ संलग्न गरी दरखास्त दिएको छु/दिएका छौं।

१. सवारी दर्ता नं. -
२. सवारीको किसिम -
३. सवारी धनीको नाम थर -
४. सवारी नबिकरण म्याद समाप्त भएको मिति -
५. सवारी दर्ता प्रमाण पत्र नविकरण गर्नु पर्ने अवधि -
६. सवारी साधन आयकर बुझाएको निस्सा -
   (क) सवारी आयकर बुझाएको कार्यालय -
   (ख) सवारी आयकर बुझाएको अवधि -
   (ग) रसिद वा भौचर नं. -
   (घ) मिति -
७. भाडाका सवारीको लागि बाटो इजाजत पत्र -
   (क) बाटो इजाजत पत्र दिने कार्यालय -
   (ख) बाटो इजाजत पत्र पाएको क्षेत्र -
   (ग) बाटो इजाजत पत्र पाएको अवधि -
   (घ) बाटो इजाजत पत्र लिएको मिति -
८. प्रदुषण जाँच प्रमाण पत्र लिनु पर्ने सवारी भए -
   (क) प्रदुषण जाँच गर्ने कार्यालय -
   ख) प्रदुषण प्रमाण पत्र दिएको मिति -
   (ग) प्रदुषण जाँच प्रमाण पत्र प्राप्त गरेको अवधि -
९. ९. अन्य -

दरखास्तवालाको सही
नाम थर -
ठेगाना -
मिति -

अनुसूची - ६

(दफा ३८ सँग सम्बन्धित)

**सवारीको नम्बर प्लेटको संकेत (अक्षर र अङ्क)**

गाउँपालिकाले साना सवारी साधन (ई-रिक्सा, टेम्पो, अटो-रिक्सा, पावर ट्रिलर आदि जस्ता तीनपाङ्ग्रे) निजी, सार्वजनिक, सरकारी, संस्थान, पर्यटक बोक्ने सवारीलाई नम्बर प्लेटको संकेत प्रदान गर्दा खण्ड (क) मा उल्लेख भए बमोजिम (स ह क्ष त्र प) गर्नुपर्नेछ।

१. सवारीमा राख्ने नम्बरप्लेट कम्तीमा पनि २० गेजको धातुबाट बनेको पातामा तल द्रष्टब्यमा लेखे बमोजिमको साइजमा हनु पर्नेछ।

२. माथि १ नं बमोजिम पातामा खण्ड (ख) वमोजिमको रङ्ग अनुसारका अङ्ग र अक्षर देवनागरी लिपिमा स्पष्ट रूपमा लेखिएको हुनु पर्नेछ।

३. नम्बर प्लेटमा बढीमा तेह्र (१३) वटासम्म अङ्क र अक्षर रहने छन्, जसलाई तल र माथि गरी दुई लाईनमा निम्नानुसार राखिनु पर्नेछ।

(क) माथिल्लो लाइनको शुरुमा सवारी दर्ता गर्ने कार्यालयको संकेत अक्षर र त्यसपछि सवारी समूह जनाउने अङ्क लेखिनु पर्नेछ। यस्तो सवारी समूह जनाउने अङ्क आवश्यकता अनुसार १ देखि ९९ सम्म हुनेछ। यस्तो अङ्क पछि सवारीको किसिम जनाउने संकेत अक्षर लेख्नु पर्नेछ।

(ख) तल्लो लाइनमा सवारीको दर्ता नम्बर लेख्नु पर्नेछ, यस्तो दर्ता नम्बर एउटा संकेत अक्षरमा बढीमा चार अङ्कसम्म (१ देखि ९९९९ सम्म) मात्र हुनेछ। प्रयोग अनुसार कुनै एक संकेत अक्षरमा चार अङ्कको सबैभन्दा ठूलो संख्या (९९९९) पुगेपछि क्रमश: अर्को संकेत अक्षर दिई त्यसमा पनि १ देखि ९९९९ सम्म दिदै जानु पर्नेछ।

खण्ड (क)

१)सार्वजनिक सवारी-स

२)पर्यटक सवारी-ह

३)निजी सवारी-क्ष

४)सरकारी सवारी-त्र

५)संगठित संस्था वा संस्थानको सवारी-प

खण्ड (ख)

**नम्बर प्लेटको रङ तथा अङ्क अक्षरको रङ**

१) सार्वजनिक सवारी - कालो प्लेटमा सेतो अक्षर र अङ्क हुनुपर्नेछ।

२) पर्यटक सवारी - हरियो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

३) निजी सवारी - रातो प्लेटमा सेतो अक्षर र अङ्कमा हुनु पर्नेछ।

४) सरकारी सवारी - सेतो प्लेटमा रातो अक्षर र अङ्कमा हुनु पर्नेछ।

५) संगठित संस्था वा संस्थानको सवारी - पहेँलो प्लेटमा नीलो अक्षर र अङ्कमा हुनु पर्नेछ।

द्रष्टव्य :

१. तीनपाङग्रै साना सवारी टेम्पो आदिको नम्बर प्लेटको साइज १०"* ७" हुनु पर्नेछ।

२ नम्बर प्लेटमा लेखिने अक्षर र अङ्क तीनपाङग्रै टेम्पो आदिको २ इन्च अग्लो र १.२ इन्च मोटो हुनु पर्नेछ।

३. नम्बर प्लेटको चारैतिर १/४ इन्च छाडेर डेर अङ्क र अक्षर लेख्नु पर्नेछ। अङ्क र अक्षरको बीचको दुरी कम्तिमा पनि १/४ इन्च तथा तल्लो र माथिल्लो लाइनको दूरी कम्तिमा १/२ इन्च पनि हुनु पर्नेछ।

अनुसूची - ७

(दफा ५ र ३७ सँग सम्बन्धित)

**दस्तुर र जरिवाना**

**दस्तुर**

| **क्र.सं.** | **शिर्षक** | **दस्तुर (रु मा)** | **कैफियत** |
|---|---|---|---|
| १ | सवारी दर्ता दस्तुर | १०००/- | |
| २ | नामसारी दस्तुर | ७५०/- | |
| ३ | नवीकरण दस्तुर | ५००/- | |
| ४ | प्रतिलिपि दस्तुर | २००/- | |
| ५ | रुट परमिट | ३००/- | |

**दण्ड/जरिवाना**

कार्यविधिको दफा १५, १६, १८, २० र २६ मा उल्लेखित व्यवस्था उल्लघन गर्ने सवारी चालकबाट पटकै पिछे रु. २००/- जरिवाना असुल उपर गरिनेछ ।

**अनुसूची - ८**

**(दफा ३४ सँग सम्बन्धित)**

**भाडा दर**

| **विवरण** | **सडकको किसिम** | **तिन कि.मि सम्मको भाडा दर (प्रति व्यक्ती) रू.** | **तिन कि.मि. भन्दा माथि प्रति कि.मि (प्रति व्यक्ती) थप दर रु.** |
|---|---|---|---|
| टेम्पो,अटोरिक्सा,ई-रिक्सा | पक्की | ३० | १० |
| टेम्पो,अटोरिक्सा,ई-रिक्सा | कच्ची | ४० | १५ |

नोट : तत्काल कायम गरेको दस्तुर र जरिवाना दर प्रत्येक आ.व. मा गाउँसभाबाट पारित आर्थिक ऐनले परिमार्जन गर्न सक्नेछ ।

**आज्ञाले,**

**नेब बहादुर वली**

**प्रमुख प्रशासकीय अधिकृत**